नगर कार्यपालिकाको
बैठक संख्या: ६१, २०७९-२०८४
मिति २०८२/०५/१८ को
निर्णय प्रमाणित ........

**कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६१, २०७९-२०८४)**

मिति : २०८२ भदौ १८ गते

**निर्णयहरु:**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. नगरपालिकाका लागि आवश्यक विभिन्न ऐन, नियम एवं कार्यविधीहरु सम्बन्धित विषयगत समिति एवं शाखाहरुसँग समन्वय गरी कानुनका आवश्यक मस्यौदाहरु तर्जुमा गर्न विधायन समितिलाई निर्देशन दिने र उक्त कानूनहरु आगामी कार्यपालिकामा पेश गर्ने ।

३. यस नगरपालिकामा नेपाल सरकारको स्वीकृत दरबन्दी बमोजिम रिक्त पदहरुमा लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ एवं नियमावलीमा उल्लेखित मिल्दो देहायका पदहरुमा पदपूर्तिका लागी लुम्बिनी प्रदेश लोकसेवा आयोगमा पठाउने ।

| क्र.सं. | स्वीकृत पद | तह | सेवा/समुह | रिक्त पद |
|---|---|---|---|---|
| १ | जन स्वास्थ्य अधिकृत | ७ | हे.ई. | १ |
| २ | आन्तरिक लेखा परीक्षण अधिकृत | ७ | प्रशासन/लेखा | १ |
| ३ | कृषि विकास अधिकृत | ७ | कृषि | १ |

४. लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ बमोजिम कोहलपुर नगरपालिकाको कार्यबोझ, कार्यप्रकृति, नगरपालिकालाई पर्ने आर्थिक भार समेतको विश्लेषण गरी विद्यमान दरबन्दी तथा पद सिर्जना, पुनरावलोकन र हेरफेर गर्ने प्रयोजनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गर्ने कार्यक्षेत्रगत शर्त निर्धारण गरी कर्णाली प्रदेश सरकारका पूर्व प्रदेश सचिव श्री अर्जुन गौतमलाई कार्यदिश दिने ।

५. कोहलपुर नगरपालिका अन्तर्गत प्र.प्र.अ. आवास र वडा नं ६, १२ र १३ को प्रहरी चौकीका लागि साबिकमा घरभाडामा लिइएका घरहरुको सम्झौताको शर्त बमोजिम भाडावृद्धि गर्नुपर्ने भए गरी चालु आ.व. २०८२/०८३ का लागि थप गर्ने । कुनै कारणवश अवधि नपुगी सम्झौता भङ्ग गरी नयाँ प्रकृया अवलम्बन गर्नुपरेमा कार्यपालिकाले निर्णय गर्न सक्ने ।

६. यस नगरपालिकाका अधुरा ठेक्का तथा योजनाहरुको देहाय बमोजिमका योजनाहरु कानून बमोजिम म्याद थप गर्ने अवधि समाप्त भैसकेको, सो योजनाहरुको ठेक्का तोड्दा उल्लेखित योजनाहरु अलपत्र भई थप समय र स्रोतको खर्च हुने, हालसम्म खर्च भएको नेपाल सरकारको अनुदानको मौद्रिक मूल्य हासिल नहुने, सोही योजना सम्पन्न गर्न नयाँ खरिद विधि अवलम्बन गर्दा समेत सो मूल्य बराबरमा कार्यसम्पन्न हुन सक्ने अवस्था नदेखिएको कारण उल्लेखित योजनाहरुको लाभ लागत विश्लेषण गरी आवश्यकता एवं औचित्यताको सिद्धान्तका आधारमा अन्तिम पटकका लागि २०८२ साल भाद्र मसान्तसम्म सम्झौताको म्याद थप गर्ने र तत् पश्चात सार्वजनिक खरिद नियमावली,



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगर कार्यपालिकाको
बैठक संख्या: ६१, २०७९-२०८४
मिति २०८२/०५/१८ को
निर्णय प्रमाणित ...........

२०६४ को नियम १२१ (क) बमोजिम मिति २०८२ असोज १ गते देखि गणना गर्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पुर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्वन्धित निर्माण व्यवसायीसँग कार्यतालिका माग गर्ने । उल्लेखित अवधिभित्र समेत कार्यसम्पन्न गरेको नपाइएमा ऐ. नियमावलीको नियम १२१ (ग) बमोजिम सम्वन्धित निर्माण कम्पनीसँग गरिएको खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने ।

- कोहलपुर नगरपालिकाको प्रशासनिक भवन, कोहलपुर ११
- कोहलपुर कभर्ड हल निर्माण, कोहलपुर २
- कोहलपुर नगरपालिका १५ शैयाको अस्पताल निर्माण, कोहलपुर ११
- प्रसेनीपुर चौधरिया गोहवा रझेना गाउँ जोड्ने सडक कालोपत्रे, कोहलपुर १५
- रामनगर पश्चिम विराट खानेपानी हुँदै नेपालगञ्ज सुर्खेत जाने बाटो कालोपत्रे, कोहलपुर १०

७. यस नगरपालिका अन्तर्गत विगत आ.ब. २०८१/०८२ मा ठेक्का आव्हान भई मिति २०८२ श्रावण मसान्तमा सम्झौताको समाप्त भएतापनि कार्य सम्पन्न नभएका योजनाहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम मिति २०८२ भदौ १ गते देखि गणना गर्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पुर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्वन्धित निर्माण व्यवसायीसँग कार्यतालिका माग गर्ने । उल्लेखित अवधिभित्र समेत कार्यसम्पन्न गरेको नपाइएमा ऐ. नियमावलीको नियम १२१ (ग) बमोजिम सम्बन्धित निर्माण कम्पनीसँग गरिएको खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने ।

८. यस नगरपालिका अन्तर्गत वडा नं. ९ झण्डवा चोक र भवानीपुर चोकमा सडक बत्तिका लागि विद्युत मिटर २(दुई) थान आवश्यक देखिएकाले सो का लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

९. यस नगरपालिकाका विभिन्न समितिहरुको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने।

क) वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको मिति २०८२/०५/१७ को निर्णयहरु

ख) बसपार्क व्यवस्थापन समितिको २०८२/०३/१६ र २०८२/०५/१७ गतेको निर्णयहरु

१०. कोहलपुर बसपार्कको ग्यारेजको उत्तर तर्फ विद्युतीय चार्जिङ स्टेशन निर्माणका लागि १० वर्षको समय अवधि रहने गरी २(दुई) कठ्ठामा नबढने गरी जग्गा लिजमा दिन न्यूनतम वार्षिक रु.३०,०००।– राजश्व बुझाउने र कबोल रकमको हरेक २(दुई) वर्षमा १०% राजश्व बृद्धि हुने गरी आवश्यक प्रक्रिया अगाडी बढाउने ।

११. आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कोहलपुर नगरपालिका वडा नं. ११ को शिव टोल विशेश्वर उपाध्यायको घरदेखि खड्क चन्दको घरसम्म आर.सि.सि. बाटो निर्माणको लागि वडा सिलिङ्मा रु.९(नौ) लाख विनियोजन भएकोमा यस नगरपालिकाको समपुरक कोषबाट २०% रकम थप गरी ठेक्का आव्हान गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नगर कार्यपालिकाको
बैठक संख्या: ६१, २०७९-२०८४
मिति २०८२/०५/१८ को
निर्णय प्रमाणित ..........

१२. कोहलपुर नगरपालिकाको चौराहमा रहेको सार्वजनिक शौचालय सञ्चालन एवं व्यवस्थापनका लागि कोहलपुर न.पा. ११ निवासी विपना ढकाल(शर्मा) सँग मासिक रु.७,०१०।- भाडा बुझाउने शर्तमा भएको सम्झौताको म्याद २०८२ असार मसान्तसम्म रहेकोमा प्रत्येक दुई वर्षमा १०% भाडाबृद्धि हुने गरी २०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्मका लागि सम्झौता गर्ने ।

१३. यस नगरपालिकामा रहेको नगर अस्पतालको नयाँ भवनको निर्माण कार्य सम्पन्न भई निर्माण व्यवसायीबाट नगरपालिकालाई हस्तान्तरण भएकाले सो को जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने साथै नयाँ भवनबाट सेवा प्रवाह सञ्चालन एवं अस्पताल व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिदिन मन्त्रालयलाई अनुरोध गर्ने ।

१४. कोहलपुर न.पा. ११ निवासी प्रदिप भट्टराईले घरको नक्सा पास दस्तुर रकम राजस्व खातामा जम्मा गर्नुपर्नेमा भुलबस यस नगरपालिकाको धरौटी खातामा मिति २०८२/०३/३१ गते रु.१,८८,३८७।८८ जम्मा हुन गएकाले सो रकम फिर्ता पाउँ भनी निवेदन पेश गरेकाले निजको धरौटी खातामा जम्मा भएको उक्त रकम फिर्ता दिने ।

१५. यस नगरपालिकामा रहेको भूमी सम्बन्धी कार्यका लागि गठित अधिकार सम्पन्न समितिको मिति २०८२/०५/०३ को निर्णयहरु अनुमोदन गर्ने । समितिको सिफारिस बमोजिम विगतदेखि ज्यालादारीमा कार्यरत देहायका कर्मचारीहरुलाई चालु आ.ब.मा समेत साविक बमोजिमकै सेवा सुविधा उपलब्ध हुने गरी २०८२/०४/०१ देखि २०८३ असार मसान्तसम्म दैनिक ज्यालादारीमा कामकाजमा लगाउने ।

- निरज मल्ल
- नविन थारु
- सूर्य प्रसाद शर्मा
- शिशिर देवकोटा
- गंगाराम पुन

१६. यस नगरपालिका भित्र रहेको देहायका स्वास्थ्य संस्थाहरुले सञ्चालन अनुमतिका लागि निवेदन पेश गरेकोमा स्वास्थ्य मापदण्ड पुरा भएकाले प्राविधिक समितिको अनुगमन प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम सञ्चालन अनुमति प्रदान गर्ने।

| सि.नं | स्वास्थ्य संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | सामुदायिक योग आयुर्वेद एवं प्राकृतिक अस्पताल., कोहलपुर २, बाँके । | नयाँ दर्ता(१ वर्ष), ५ बेड |
| २ | कोहलपुर अर्टिजम केयर सेन्टर, कोहलपुर ११, बाँके । | नयाँ दर्ता(१ वर्ष) |
| ३ | माधव स्वास्थ्य क्लिनिक तथा प्याथोलोजी सेन्टर, कोहलपुर ११, बाँके । | नयाँ दर्ता(१ वर्ष) |
| ४ | आरम्भ अप्टिकल्स, कोहलपुर ११., बाँके । | नयाँ दर्ता(१ वर्ष) |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६१, २०७९-२०८४
मिति २०८२/०५/१८ को
निर्णय प्रमाणित ..........

१७. बाँके जिल्ला अदालत, नेपालगञ्ज, बाँकेको मिति २०८२/०५/१६ गतेको सहयोग माग सम्बन्धी पत्र प्राप्त भएकोमा सम्मानीत अदालतको सेवा प्रवाह व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायसँग समन्वय शीर्षकबाट खर्च हुने देहायका सामाग्रीहरु खरिद गरी हस्तान्तरण गर्ने ।

डेस्कटप कम्प्युटर - २(दुई) थान
प्रिन्टर – २(दुई) थान
स्क्यानर – २(दुई) थान

१८. कोहलपुर नगरपालिका महिला, बालबालिका तथा समावेशीकरण उपशाखाको आयोजनामा हरितालिका तिजको अवसरमा मिति २०८२/०५/०७ गते सम्पन्न शुभकामना आदानप्रदान तथा तिज मिलन कार्यक्रमका लागि महिला तथा बालबालिका तथा समावेशीकरण शाखा तर्फ रु.२,००,०००।– विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्दा रु.२,४०,०००।– खर्च भएको भनी शाखाबाट सिफारिससाथ अपुग रकम व्यवस्थापनका लागि अनुरोध भई आएकाले उक्त कार्यक्रममा अपुग भएको रकम रु.४०,०००।– भैपरी आउने चालु शीर्षकबाट भुक्तानी गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत